# बाणगङ्गा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बाणगङ्गा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या : ०८१।८२
चलानी नम्बर :

## कोशेली घर स्थापना/ सुधार कार्यक्रम संचालनको लागि प्रस्ताव आह्वान सम्बन्धि सूचना !

प्रथम पटक प्रकाशित मिति २०८१।०७।०८ गते

वाणगंगा नगरपालिका, नगरकार्यपालिकाबाट आ.व.२०८१।०८२ मा प्रदेश सरकारबाट शसर्त बित्तीय हस्तान्तरित कार्यक्रम तर्फको कोशेली घर स्थापना/ सुधार (वडा नं. १) कार्यक्रम स्थानीय तहमा शसर्त वित्तीय हस्तान्तरित कृषि तथा पशुपंछी बिकास कार्यक्रम संचालन कार्यबिधि, २०८१ अनुसार संचालन गरिने भएकोले कार्यक्रममा सहभागी हुन कृषक समूह/ सहकारी/कृषि फर्म/ समितिहरुले यो सूचना पहिलो पटक प्रकाशन भएको मितिले १५ दिन (२०८१/०७/२२ गते) भित्र प्रस्तावना फारम भरी तोकिएका कागजात सहित नगरपालिकामा निवेदन पेश गर्नु हुन यसै सूचनाद्धारा जानकारी गराइन्छ।

| क्र.सं | कार्यक्रमको नाम | मापदण्ड | अनुदान सीमा | कैफियत |
|---|---|---|---|---|
| १ | कोशेलीघर स्थापना/ सुधार (वडा नं. १) | १. कार्यक्रम संचालन हुने क्षेत्रमा सडक, नियमित बिद्युत र खाने पानीको सुलभ पहुच भएको हुनु पर्ने।<br>२.गुणस्तरयुक्त स्वदेशी उत्पादन तथा स्थानीय कृषि वस्तुको आपुर्तिको लागि बढी आपुर्तिकर्ताको संजाल भएका कृषि उद्यमी/समूह/सहकारीलाई प्रथमिकता दिईने छ।<br>३. मान्यताप्राप्त ईन्जिनियरिङ फर्म वा प्राविधिकबाट डिजाईन, लागत अनुमान र कार्ययोजना तयार गरी पेश गर्नु पर्ने । | १.समूह/सहकारीको हकमा भौतिक पुर्वाधार निर्माण कार्य तर्फ अधिकतम ७५ प्रतिशत र उपकरण समाग्री खरिदमा अधिकतम ५० प्रतिशत<br>२.निजिको हकमा भौतिक पुर्वाधार निर्माण कार्य र उपकरण समाग्री खरिदमा अधिकतम ५० प्रतिशत | वडा नं. १ बाट मात्र प्रस्तावना पेश गर्न पाईने |

**निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु**

१. दर्ता भएको दर्ता प्रमाण पत्रको प्रतिलिपी (नियमानुसार नविकरण / सुचिकृत भएको)।
२. कृषक समूह/ सहकारी/ समितिको निर्णय प्रतिलिपी ।
३. वडा कार्यालयको सिफारिस पत्र।
४ करचुक्ता प्रमाण पत्रको प्रतिलिपी।
५. अध्यक्ष/प्रोपाइटरको नागरिकता वा परिचय खुल्ने प्रमाण पत्रको प्रतिलिपी।
६. भाडाको जग्गा भए कम्तिमा १० वर्षको सम्झौता पत्र।
७. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपी।
८. प्रतिबद्धता पत्र

**नोटः-** स्थानीय तहमा शसर्त वित्तीय हस्तान्तरित कृषि तथा पशुपंछी बिकास कार्यक्रम संचालन कार्यबिधि, २०८१ यस नगरपालिकाको वेभसाइड www.bangangamun.gov.np बाट हेर्न र डाउनलोड गर्न सकिने छ।

**पुनश्चः** आवेदनमा माग भए बमोजिमका सम्पूर्ण कागजात नपुग भएमा नगरपालिका कृषक समूह/कृषि सहकारी/ समितिको प्रस्ताव स्वीकृत गर्नका लागि बाध्य हुने छैन।

विस्तृत जानकारीका लागि वाणगंगा नगरपालिका,कृषि विकास शाखा कपिलवस्तुमा सम्पर्क राख्नुहोला।
सम्पर्क नम्वर-९८४१३५२७४७/९८४७०५२९५४

प्रमुख प्रशासकीय अधिकृत